नेपाल सरकार
गृह मन्त्रालय
# सशस्त्र प्रहरी बल, नेपाल
## प्रधान कार्यालय

फोनः ४२७५६८१
फ्याक्सः ४२८७८७६
पो.ब.नं.: २१८२४
पत्र संख्या:(०७५/७६) च.नं. १४४१

बढुवा समितिको सचिवालय
हलचोक, काठमाण्डौ ।

मितिः २०७६/०२/०८ गते ।

बिषय :- बढुवा सिफारिस गरिएको सूचना ।

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०२/२७ मा सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा सर्वेक्षण प्रतिवेदन, २०७५ स्वीकृत भई आएको र उक्त सर्वेक्षण प्रतिवेदनमा नेपाल सरकार मन्त्रीपरिषद्द्वारा मिति २०७५/०२/२७ मा सशस्त्र प्रहरी वल, नेपालको संगठन तथा सर्वेक्षण प्रतिवेदन, २०७५ स्वीकृत भई आएको र उक्त सर्वेक्षण प्रतिवेदनमा बिभिन्न दर्जामा विशेष पदहरुको व्यवस्था भई बढुवा गर्न सकिने प्रावधान भए वमोजिम सशस्त्र प्रहरी सेवा, साधारण समूह, साधारण उपसमूह तर्फ रिक्त विशेष पद सशस्त्र प्रहरी नायव उपरीक्षकमा बढुवाद्वारा पदपूर्ति गर्न सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ३९ को (१) (ग) वमोजिम गठित बढुवा समितिको मिति २०७६/०२/०८ गतेको निर्णयानुसार **आई.डि.नं.१०७१ का सशस्त्र प्रहरी निरीक्षक उमेश कुमार श्रेष्ठ** लाई सोही समूहतर्फको विशेष पद सशस्त्र प्रहरी नायव उपरीक्षकमा बढुवा सिफारिस गरेको हुंदा ऐ. नियमावलीको नियम ३८ को उपनियम (३) वमोजिम सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त विशेष पदमा संगठनले सुम्पेको जिम्मेवारी सम्पन्न गर्ने क्रममा घाईते, अंगभंग भएका सशस्त्र प्रहरी राष्ट्रसेवकहरु मध्ये बढुवा सिफारिस उपर चित्त नवुझ्ने उल्लेखित काइटेरियाभित्र पर्ने सशस्त्र प्रहरी निरीक्षकहरुले ऐ. नियमावलीको नियम ५५ को व्यवस्था वमोजिम ७ (सात) दिन भित्र बढुवा उपरको उजुरी सुन्ने समिति समक्ष उजुरी दिन सक्नेछ ।

(राजु अर्याल)
सशस्त्र प्रहरी नायव महानिरीक्षक
सदस्य सचिव, बढुवा समिति

**बोधार्थ** :-
श्री गृह मन्त्रालय,
बढुवा उपरको उजुरी सुन्ने समितिको सचिवालय, सिंहदरवार ।